# नेपाल गजेट

नेपाल सरकारद्धारा प्रकाशित

खण्ड ४ ] काठमाडौं मार्ग १४ गते २०११ साल [ संख्या १६

## भाग १

## सल्लाहकार सभाको सूचना

प. सं. ५६०                    ६—८—०११

सल्लाहकार सभाको कार्यसञ्चालन तथा कार्यविधिको नियम ८६ अनुसार सल्लाहकार सभाका माननीय अध्यक्षले निम्नलिखित बिललाई गजेटमा प्रकाशित गर्ने आज्ञा दिनुभएकोले उक्त बिललाई सर्वसाधारणको जानकारीको निमित्त तल प्रकाशित गरिएको छ।—

## नागरिक अधिकार बिल, २०११

### सल्लाहकार सभामा पेश गरिएको

जनताको नागरिक अधिकार व्याख्या र घोषित गर्ने बारेको—

### " बिल "



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सल्लाहकार सभाका सल्लाहअनुसार श्री ५ महाराजाधिराजबाट देहायको ऐन स्वीकार गरी जारी गरिबक्सेको छ।

१. संक्षिप्त शीर्षकः— यो ऐनको नाम—'नागरिक अधिकार ऐन, २०११' भन्ने रहेको छ।

२. परिभाषाः— यस ऐनमाः—

(क) 'नागरिक' भन्ने शब्दले नेपाल नागरिकताको ऐन २००६ बमोजिमको नेपालको नागरिकलाई जनाउँछ।

(ख) 'प्रचलित ऐन' भन्ने शब्दले (१) यो ऐन जारी हुनुभन्दा अघि वा पछि जारी भै कायम रहेको ऐन सवाल तथा सनदहरू र (२) त्यसअन्तर्गत बनेका प्रचलित नियम नोटीफिकेशन तथा आदेशहरूलाई जनाउँछ।

३. कानूनको दृष्टिमा समानताः— प्रचलित ऐनको अधीनमा रही सरकारले नेपाल राज्यभित्र ऐनको अगाडि सबैको समानता अथवा ऐनबाट हुने समान रक्षा जुनसुकै व्यक्तिलाई पनि इन्कार गर्नेछैन।

४. धर्म जाति लिङ्ग जन्मस्थानको आधारमा भेदभाव गर्न मनाहीः— सरकारले धर्म-जाति जात वर्ण लिङ्ग जन्मस्थान वा यस्ता कुनै विषयको आधारमा कुनै नागरिकलाई भेदभाव गर्नेछैन। तर यस दफामा लेखिएका कुनै कुराले पनि स्त्रीजाति वा नाबालकको निमित्त कुनै खास व्यवस्था गर्नमा सरकारलाई बाधा अडकाउ पुर्‍याउनेछैन।

५. नियुक्ति सम्बन्धमा समान अवसरः— (१) जुनसुकै सरकारी पदमा काम लाउने वा नियुक्ति गर्ने सम्बन्धमा सबै नागरिकहरूले समान अवसर पाउनेछन्।

(२) तर कुनै अनुन्नत नागरिकवर्गले सरकारी नोकरीमा पर्याप्त स्थान पाएको छैन भन्ने सरकारको सम्मति भएमा तिनीहरूको निमित्त केही पद छुट्याई राख्ने प्रबन्ध गर्नमा सरकारलाई यस दफामा लेखिएका कुनै कुराले पनि बाधा अडकाउ पुर्‍याउनेछैन।

आधिकारिकता पुस्तकालय विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) यस दफामा लेखिएका कुनै कुराले पनि कुनै धार्मिक वा साम्प्रदायिक संस्थाको कार्यसम्बन्धी कर्मचारी अथवा त्यससम्बन्धी शासक समितिको सदस्यमा कुनै खास धर्म वा सम्प्रदायका मानिस हुनुपर्छ भन्ने नियम रीति रिवाज भएकोमा सोबमोजिम गर्न वा गराउन बाधा अड्काउ दिनेछैन।

६. वाक् स्वतन्त्रता इत्यादि सम्बन्धी अधिकारः— प्रचलित ऐनको अधीनमा रही सबै नागरिकहरूलाई देहायका अधिकारहरू हुनेछ।

(क) वाक् र प्रकाशन स्वतन्त्रता।

(ख) शान्तिपूर्वक र विना हतियारको सम्मेलन सभा गर्ने।

(ग) संस्था वा संघ खडा गर्ने।

(घ) नेपाल राज्यभर बिना रोक टोक घुमफिर गर्ने।

(ङ) नेपाल राज्यभर जुनसुकै भागमा पनि निवास गर्ने र घरजग्गा गर्ने।

(च) सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने।

(छ) कुनै पेशा, रोजगार, उद्योग वा व्यापार गर्ने।

७. कानूनको अख्तियार विना कुनै कर नलगाउने:— कुनै कर कानूनको अख्तियार बिना लगाउने वा असूल गरिनेछैन।

८. सम्पत्ति सम्बन्धी अधिकारः—ऐनको अख्तियार विना कुनै व्यक्तिको सम्पत्ति अपहरण गरिनेछैन।

९. नागरिकको वासस्थानको रक्षाः— प्रचलित ऐनको अख्तियार विना कुनै नागरिकको वासस्थानमा जबरजस्ती प्रवेश गर्न हुँदैन।

१०. (१) कुनै व्यक्तिलाई पनि प्रचलित ऐनविरुद्ध केही काम गरेमा बाहेक कुनै अपराधको दोषी ठहऱ्याउनेछैन र अपराध गर्दा जारी रहेको ऐनले तोकेका भन्दा बढी दण्ड सजाय दिइनेछैन।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) कुनै व्यक्तिउपर त्यसै अपराधमा एक पटकभन्दा बढ़्ता मुकद्मा चलाइने र दण्ड सजाय गर्नेछैन।

(३) कुनै अपराधको बात लागेको मानिसलाई आफ्नो विरुद्ध साक्षी हुन कर लाग्नेछैन।

११. ज्यान र व्यक्तिगत स्वतन्त्रताको रक्षाः— प्रचलित ऐनले स्थापित गरेको रीतबमोजिम बाहेक कुनै व्यक्तिको पनि ज्यान वा व्यक्तिगत स्वतन्त्रता हरिनेछैन।

१२. मानिसको बेच बिखन तथा अरू जबरजस्ती काम गराउन मनाहीः— मानिसको बेच बिखन र बेठ बेगार तथा यस्तै प्रकारका अरू जबरजस्ती काम गराउन मनाही गरिएको छ। तर यस दफामा उल्लेख गरिएका कुराहरूले लोक प्रयोजनको निमित्त पूरा मेहनतामा दिई काम अनिवार्य गर्नमा सरकारलाई बाधा अड्काउ हुनेछैन।

१३. १४ वर्षभन्दा कम उमेरका कुनै बालकलाई पनि कुनै कारखाना वा खानीको काममा लाउन वा अरू कुनै जोखिमी काममा भर्ना गर्न हुँदैन।

१४. (१) कुनै गिरफ्तार भएको व्यक्तिलाई पनि गिरफ्तार भएको कारणसहितको चाहिँदो सूचना नदिई थुनामा राखिनेछैन र त्यस्ता व्यक्तिलाई आफूले रोजेको कानून जान्ने वारिससँग राय लिने र उसद्वारा पुर्पक्ष गर्ने अधिकार इन्कार गरिनेछैन।

(२) गिरफ्तार गरिएको र थुनामा राखिएको प्रत्येक व्यक्तिलाई गिरफ्तार गरिएको ठाउँबाट लैजान लाग्नेसमेत अवधि बाहेक २४ घण्टाको समयभित्र सबभन्दा नजिकको बडाहाकिम वा मैजिष्ट्रेट वा अदालतको अगाडी उपस्थित गराइनेछ। कुनै पनि व्यक्तिलाई बडाहाकिम वा मैजिष्ट्रेट वा अदालतको आदेश अधिकार विना उक्त अवधिभन्दा बढी समय थुनामा राखिनेछैन।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५. व्यक्तिगत स्वतन्त्रताको अधिकार लागू गराउने उपायः— दफा १६ मा तोकिए-बमोजिमका उपायहरूमा बाधा विरोध नपर्ने गरी गैर कानूनीतवरले गिरफतार भएका वा थुनिएका मानिस आफैले वा अरू कसैमार्फत बन्दी प्रत्यक्षीकरणको आदेशको निति प्रधान न्यायालयमा उजुर गर्न सक्नेछ। प्रधान न्यायालयले पनि ठाडो जाँचबुझ गरी प्रचलित ऐनको अख्तियार विना थुनिएको ठहरिन आएमा त्यस्ता थुनिएको व्यक्तिलाई छुटाउने निर्देश दिन सक्नेछ।

१६ अधिकार हनन भएमा नालिस दिने अधिकारः— यो ऐनले दिएको अरू कुनै अधिकार हनन भएमा जसको अधिकार हनन भएको छ, निजले अनुवेश निषेध [ Injunction ] यो भरी भराउ या डुबेको निमित्त अपील अड्डामा नालिस दिन सक्छ र अपील अड्डालाई पनि यस्तो मुद्दाहरू हेरी किनारा लगाउने अधिकार दिइएको छ।

१७. अरू कुनै ऐन रद्द नमानिने:— यस ऐनका कुनै कुराले पनि यो ऐन जारी हुनुभन्दा अघि वा पछि बनेका कुनै प्रचलित ऐनलाई अमान्य गरेको मानिनेछैन।

१८. अन्तरीम शासन विधान २००७ को दफा १२ देखि २० सम्म खारेज भएको छ।

## उद्देश्य र कारणको विवरण

नागरिक अधिकार कायम छ छैन भन्ने विषयमा जनतामा भ्रम परिरहेको तथा सरकारबाट जनताको नागरिक अधिकारको अपहरण भएको छ भन्नेसमेत कुरामा गलत फहेमी परेको बुझिएको हुनाले जनताको अधिकारलाई स्पष्टरूपले व्याख्या गर्न र साथसाथै छिटो र सुलभ तरिकाबाट लागू गराउनको लागि समेत नागरिक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।